# मोड्यूल ५
# स्थानीय सहकर्मीहरू र शान्तिको मानिस खोज्नुहोस।



मोड्युल ५ मा, तपाईंले येशूले आफ्ना चेलाहरूलाई विभिन्न स्थानहरूमा पठाउँदा सिकाउनुभएको एउटा मुख्य अवधारणा पत्ता लगाउनु हुनेछ: शान्तिको मानिस कसरी पत्ता लगाउने र उसलाई चिन्ने तरिका। यो बुझाइ चेला बनाउने अभियान (DMM) का लागि अतिनै महत्वपूर्ण छ। साथै, तपाईंले सहकर्मीहरू खोज्ने महत्त्वलाई पनि सिक्नु हुनेछ, किनभने चेला बनाउने अभियान DMM धेरै व्यक्तिहरूको संयुक्त प्रयासबाट गरिन्छ। यो कुनै एक व्यक्तिको मात्र काम होइन; बरु, परमेश्वरले धेरै मानिसहरू प्रयोग गरेर धेरै फसल ल्याउनु हुन्छ।

पाठ १: शान्तिको मानिस को हो र उसलाई कसरी पत्ता लगाउने?
पाठ २: किन स्थानीय साझेदारहरूले तपाईंको प्रगतिको गति बढाउन मद्दत गर्छन्?
पाठ ३: प्रमुख परिभाषाहरू

यस मोड्युलमा बुझ्नुपर्ने र छलफल गर्नुपर्ने मुख्य बुँदाहरू ।
(यदि यो पाठ्यक्रम अरू संगै अध्ययन गर्दै हुनुहुन्छ भने)

- शान्तिको मानिस भनेको परमेश्वरले फसलका लागि तयार गर्नुभएको व्यक्ति हो, यस्ता मानिस हरेक समुदायमा हुन्छन्। हाम्रो भूमिका भनेको उनीहरूलाई चिन्नु र सम्पर्क गर्नु हो।
- परमेश्वरले स्थानीय सहकर्मिहरूलाई कामको गति बढाउन प्रयोग गर्नुहुन्छ। यी सहकर्मिहरूमा नयाँ विश्वासीहरू, हालका मण्डलीका सदस्यहरू, र अझै विश्वासमा नआएका र फसलका लागि रहेका मानिसहरू पनि सामेल हुन सक्छन्।

## पाठ १
# शान्तिको मानिस को हो र कसरी पत्ता लगाउने?



### शान्तिको मानिस खोज्ने ३ तरिकाहरू।

शान्तिको मानिस ढोकाको जस्तै काम गर्छन्। उनीहरूले तपाईं र तपाईंको सन्देशलाई समुदायमा प्रवेश गराउन ढोका खोल्दछ। उनीहरू परमेश्वरले छानेका मुख्य प्रभावशाली व्यक्ति हुन्। तपाईंले तिनीहरू मार्फत उक्त क्षेत्रमा पहुँच बनाउनुहुन्छ। शान्तिको मानिस पत्ता लगाउने क्रममा याद राख्नुपर्ने केही महत्वपूर्ण बुँदाहरू छन्।

**"जुन घरमा पस्छौ पहिले भन, 'यस घरलाई शान्ति होस्!' यदि त्यहाँ शान्तिप्रिय मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग रहनेछ, तर रहेनछ भने त्यो शान्ति तिमीहरूकहाँ नै फर्किआउनेछ। तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस। किनभने खेताला आफ्नो ज्यालाको योग्य हुन्छ। घर-घर नपसी हिँड़।"**

लूका १०: ५ -७

## एक गवाही



सी. एन्डरसन



शान्तिको मानिस सधैं तपाईंले सोचे जस्तो हुँदैनन्।

हामी एउटा ग्रामिण समुदायमा काम गर्दै थियौं। हामी त्यहाँ प्रभावशाली मानिसहरू खोजिरहेका थियौं। नगरपालिकाका प्रमुख नै हाम्रो लागि स्वाभाविक सम्पर्क व्यक्ति थिए। हामीले उहाँलाई सोध्यौं कि उहाँको क्षेत्रका विभिन्न नेताहरू को को हुन्। उहाँले विशेष गरी महिला समिति की प्रमुख महिलातर्फ हामीलाई इसारा गर्नुभयो।

मलाई तुरुन्तै उनी मन पऱ्यो। उनी मेरो उमेरजस्तै चलाख र स्पष्ट नेतृत्व क्षमता भएकी थिइन्। उनी पनि हामीलाई भेट्न पाउँदा धेरै खुशी थिइन्। तुरुन्तै उनले हामीलाई आफ्नो घरमा चिया पिउनको निम्तो दिइन्। केही दिनपछि उनले हामीलाई स्वादिष्ट खानाको लागि स्वागत गरिन्। उनले अन्य केही नेताहरूलाई पनि खानाको लागि हामीसँग सामेल हुन बोलाइन्।

"उनी पक्कै पनि शान्तिप्रिय महिला शान्तिको मानिस हुनुपर्छ!"
भनेर मैले मनमनै सोचे ।

अर्को केही महिनाहरूमा हाम्रो मित्रता गाढा हुँदै गयो। म उनलाई भेट्न जान्थेँ। हामीले समुदायका आवश्यकताहरू र विभिन्न सम्भावित परियोजनाहरूको बारेमा छलफल गर्यौं। मैले उनीलाई सुसमाचार बाँडें र उनलाई बाइबलका कथाहरू सुनाउन थालें। उनी खुला मनकी थिइन् र सधैं सुन्न इच्छुक थिइन्। महिनाहरू बित्दै जाँदा, उनले धेरै कथाहरू सुनेकी थिइन्। उनलाई येशू मन पर्थ्यो तर उनी उहाँलाई पछ्याउन पूर्ण रूपमा समर्पित हुन प्रतिवद्ध थिइनन्।

मलाई थाहा थियो कि उनी एक असल साथी र त्यहाँ जानको लागि सहयोगी मानिस थिइन, उनी त्यो शान्तिको महिला थिइनन् जसको म खोजी गरिरहेको थिएँ। मैले त्यो व्यक्ति नभेट्टाए सम्म अरूलाई सुसमाचार बाँड्न जारी राख्नु पर्यो।

## माथि दिइएको गवाहीबाट हामीले सिक्न सक्ने मुख्य सिद्धान्तहरू!

### १. शान्तिको मानिसले तपाईं र तपाईंको सन्देश दुवैलाई स्वागत गर्छ।

शान्तिको मानिस पत्ता लगाउँदा मानिसहरूले प्रायः गर्ने एउटा सामान्य गल्ती भनेको, कसैले आफ्नो घरमा तपाईंलाई स्वागत गरेपछि उनी स्वत शान्तिको मानिस हुन् भनेर सोच्नु हो। सधैँ त होइन तर कहिलेकाहीं सत्य हुन सक्छ। शान्तिको मानिस त्यो हो जसले तपाईंलाई व्यक्तिगत रूपमा स्वागत गर्छ, तपाईंको सन्देशलाई पनि अँगाल्छ। उनीहरु येशूलाई प्रभुको रूपमा स्वीकार्ने र अरूलाई पनि उहाँको बारेमा सुन्न आमन्त्रण गर्ने व्यक्ति हुन्।

आतिथि सत्कार वा मित्रतालाई आध्यात्मिक खुलापनसँग भ्रमित गर्न सजिलो छ। कुनै व्यक्ति विश्वासीको सङ्गतमा रमाउन सक्छ, आतिथ्यता विस्तार गर्न सक्छ, वा समुदायमा प्रभावशाली पनि हुन सक्छ। तर यदि उनीहरू सुसमाचारमा कुनै रुचि देखाउँदैनन् वा स्वीकार्दैनन् भने, धेरै समय लगानी गर्न सतर्क हुनु आवश्यक छ। साँचो शान्तिको मानिस भनेको त्यो हो जसले सन्देश सुनेपछि खुशीसाथ स्वीकार गर्छ र तुरुन्तै अरूलाई पनि येशूको बारेमा सुन्न आमन्त्रित गर्छ।

जब कसैले आफ्नो सञ्जालमा सुसमाचार बाँड्न थाल्छ, त्यो स्पष्ट संकेत हो कि उनी येशूले भनेका "शान्ति फैलाउने व्यक्ति" मध्येका एक हुन्। यस्ता व्यक्तिहरूमा ध्यान केन्द्रित गर्नाले ठूलो समुदायसम्म पुग्नको लागि महत्वपूर्ण हुन्छ।

### २) प्रशस्त बिउँछर्नाले तपाईँलाई शान्तिको मानिसतर्फ डोऱ्याउँछ।

दैनिक र निरन्तर सुसमाचार प्रचार समुदायभित्र शान्तिको मानिस खोज्ने सबैभन्दा उत्तम उपाय हो। प्रार्थनामा धेरै समय बिताएपछि, सम्बन्ध निर्माण गरेपछि, र समुदाय परियोजना सुरु गरेपछि पनि शान्तिको मानिस पहिचान गर्न नसकेको बेला टोलीहरु कहिले काहि निरास हुन्छन्। उनीहरूले प्रश्न गर्न सक्छन्, "हामीले तिनीहरूलाई किन भेट्टाउन सकेनौं?"

जवाफ प्रायः "बीउ छर्ने" कामको कमीमा हुन्छ। धेरै अवस्थामा, टोलीहरूले पर्याप्त रूपमा वा व्यापक रूपमा सुसमाचार बाँडिरहेका हुँदैनन्। यदि तपाईंलाई त्यो व्यक्ति भेट्टाउनु छ जसले सन्देशमा प्रतिक्रिया दिन्छ, भने सन्देशलाई बारम्बार बाँड्नु आवश्यक छ।

यी क्षणहरूमा सोध्नुपर्ने एक महत्वपूर्ण प्रश्न भनेको "गत महिनामा यस समुदायका कति मानिसहरूले सुसमाचार सुनेका छन्?" यदि संख्या कम छ भने, यसको अर्थ अझ बढी प्रचार-प्रसारको आवश्यक छ। सन्देश स्वीकार गर्न तयार व्यक्तिहरु पत्ता लगाउनु, प्रसस्त बिउ छर्नु, व्यापक मात्रामा छर्नु, बारम्बार सुसमाचार प्रचार गर्नु आवश्यक छ।

### ३. अप्रत्याशित कुराहरूको लागि खुला रहनुहोस्।

यूहन्ना ४ अभ्यायमा रहेको इनारमा आएकि सामरी महिलाको कथामा, शान्तिको मानिस त्यस्तो थिएन जसको अपेक्षा गरिएको थियो। येशूले अनैतिक जीवन बिताइरहेकी महिलासँग सत्य कुरा बाड्नु भयो, तैपनि उनले उहाँको सन्देश स्वीकार गरिन् र आफ्नो सम्पूर्ण गाउँलाई येशूलाई सुन्न आउन आमन्त्रित गरिन्।

धेरै पटक, मानिसहरू सोच्दछन् कि शान्तिको मानिस समुदायको नेता वा सम्मानित व्यक्ति हुनेछ, तर यो सधैं सत्य हुँदैन। महत्वपूर्ण प्रभावशाली व्यक्तिहरूसँग सुसमाचार बाँड्नु आवश्यक भएता पनि, तिनीहरू मात्र ती व्यक्तिहरू होइनन् जसलाई परमेश्वरले हृदय र जीवन खोल्न प्रयोग गर्न सक्नुहुन्छ। शान्तिको मानिस अप्रत्याशित रुपमा कोही पनि हुन सक्छ जस्तै, राम्रो प्रतिष्ठा नभएको महिला, बालक वा युवा पनि हुन सक्छ।

अप्रत्याशित कुराहरूको लागि खुला हुनु को अर्थ भनेको आफ्नो प्रचारलाई केवल केही सामाजिक वा प्रभावशाली समूहहरूमा सीमित गर्नु होइन। शान्तिको मानिस जे कोही पनि हुन सक्छ। कर्नेलियस जस्तो सरकारी अधिकारी लिएर सुसमाचारको विरोध गर्ने फिलिप्पी जेलरसमेत। यो गृहिणी, व्यापारी महिला लिडिया जस्तै वा नामानको सेविका नोकर्नी जस्तो पनि हुन सक्छ।

तपाईंले कसैलाई हेरेर मात्र उनीले सुसमाचारलाई स्वीकार्ने हो कि होइन भनेर सधैं भन्न सकिंदैन। सुसमाचार बाँड्नु र उनीहरूको प्रतिक्रिया नियाल्नु नै थाहा पाउने एकमात्र तरिका हो । कोहीले यसलाई स्वीकार्नेछन् र अरूलाई थप सुन्न आमन्त्रण गर्नेछन्, र यस प्रक्रिया मार्फत शान्तिको मानिस प्रकट हुनेछ।

## जानुहोस् र तिनीहरूलाई खोज्नुहोस् —परमेश्वरले तिनीहरूलाई तयार पार्नुभएको छ!

शान्तिको मानिस जीवनको कुनै पनि क्षेत्रका व्यक्ति हुन सक्छन्, जसलाई परमेश्वरले तयार पार्नुभएको हुन्छ र जसले आफ्नो समुदायमा सुसमाचारका लागि ढोकाहरू खोल्न सक्छन्। सुसमाचार प्रचार र बीउ छर्नेमा विश्वासिलो भएर र अप्रत्याशित कुराहरूको लागि खुला भएका, यस्तै व्यक्तिहरू भेटिनेछन्।

**कार्य मदमहरू:**

**१) लूका १०:१-१६ मा रहेर डिस्कभरी बाइबल अध्ययन (DBS) गर्नुहोस्।**

**छलफलका प्रश्नहरू**

- हामीले परमेश्वर/येशूको बारेमा के सिक्छौं?
- हामीले मानिसहरूको बारेमा के सिक्छौं?

**शान्तिको मानिसबारे येशूले हामीलाई के सिकाउनुभयो भनेर बुझ्नका लागि सम्बन्धित विशेष प्रश्नहरू:**

- हामीले के गर्दैछौं जुन येशू र उहाँका चेलाहरूले गरेका थिए?
- के त्यस्तो कुनै काम छ जुन हामी गरीरहेका छैनौँ र येशूले आफ्ना चेलाहरूलाई गर्न भन्नु भएको थियो?
- यो खण्ड पालना गर्ने र नयाँ समुदायमा कसरी प्रवेश गर्ने भन्ने बारे येशूले हामीलाई दिनुभएको यो नमुनालाई पालना गर्नु। हामीले फरक तरिकाले के गर्न आवश्यक छ?
- परमेश्वरले आफ्नो वचनमार्फत तपाईंलाई तपाईंको सेवा र तपाईंको क्षेत्रमा चेलाहरूको संख्या बढाउने प्रयासमा के विशेष मार्गदर्शन वा निर्देशन दिनुभएको छ?

## पाठ २
# किन स्थानिय साझेदारहरुले तपाईंको प्रगतिलाई धेरै छिटो बनाउछन्।



### तपाईँले स्थानीय सहकर्मीहरू कहाँ पाउन सक्नुहुन्छ?

निम्न स्थानहरूमा स्थानीय सहकर्मीहरू खोज्नुहोस्।

### १) फसलमा
आत्माको धेरै फसल काट्न आवश्यक पर्ने धेरै कामदारहरु अझै विश्वासी भएका छैनन्। उनीहरू अझै फसलमा नै छन्! जब तपाईंले तिनीहरूलाई विश्वासतर्फ डोर्याउनु हुन्छ, यी नयाँ चेलाहरू पनि चाँडै फसल काटनी गर्नेहरू बन्न सक्छन्।

नयाँ विश्वासीहरूले आफ्नै साथी र परिवारसम्म पुग्ने शक्तिलाई कम नठान्नु होस्! वास्तवमा, उनीहरू "बाहिरका" भन्दा धेरै प्रभावकारी साक्षी हुन्। उनीहरूलाई भाषा सिक्न वा आफ्नो सन्देशलाई सन्दर्भिक बनाउन आवश्यक हुँदैन। त्यो स्वाभाविक रूपमा हुन्छ।

नयाँ समुहका सदस्यहरु खोज्दै हुनुहुन्छ? संस्कृतिको भित्री मानिसहरूसँग सुसमाचार बाँड्नुहोस् र विश्वास गर्नुहोस् कि परमेश्वरले तपाईंले विश्वासतर्फ डोर्याउनु भएका मानिसहरूबाट समुह प्रदान गर्नुहुनेछ।

### २. अवस्थित मण्डलीहरूमा
यदि तपाईं त्यस्तो क्षेत्रमा काम गर्दै हुनुहुन्छ जहाँ पहिलेदेखि मण्डली स्थापना भइसकेको छ भने,

थोरै भएता पनि, त्यहाँ स्थानीय सहकर्मीहरू पाउन सक्नु हुन्छ। धेरै अवस्थामा, मण्डली धेरै परम्परागत हुन्छन र सक्रिय रूपमा आफै मानिसहरूलाई सुसमाचार प्रचार गर्न सक्दैन। यस्तो अवस्था हेर्दा हामी निराश हुन सक्छौं र यहाँ कामदारहरू भर्ति गर्ने अवसरलाई बेवास्ता गर्न सक्छौं। हामीले मान्छौं कि तिनीहरू आफ्नो तरिकामा अड्किएका छन् र चेलापन बनाउने अभियान (DMM) का सिद्धान्तहरू कहिल्यै सिक्न सक्दैनन्। यद्यपि, हामीलाई त्यो थाहा छैन, जबसम्म हामीले तिनीहरूलाई मौका दिँदैनौं र गुणात्मक बृद्धि सम्बन्धित बाइबलीय अवधारणाहरूसँग परिचित गराउँदैनौं।

यी कुराहरूको बारेमा पास्टरहरू र अगुवाहहरूसँग कुरा गर्ने प्रयास गर्नुहोस्। स्थानीय मण्डली दर्शन प्रस्तुतिको बैठक सञ्चालन गर्नुहोस् र चेला बनाउने वा खोजमुलक बाइबल अध्ययनमा स्थानीय मण्डलीलाई र स्थानीय विश्वासीलाई तालिम दिने प्रस्ताव राख्नुहोस्।

त्यसपछि हेर्नुहोस् र नियाल्नुहोस् कि को विश्वासयोग्य र फलदायी छ। तपाईंले सिकाएको कुरा कसले लागू गर्छ? केवल ज्ञानलाई आत्मासाथ गर्ने मात्र होइन, तर व्यवहारमा उतार्ने को हो? यस्ता व्यक्तिहरूमा तपाईंको समय र ऊर्जा बढी केन्द्रित गर्नुहोस्। धेरै DMM अभ्यासकर्ताहरूले यसरी नै आफ्ना स्थानीय सहकर्मीहरू फेला पारेका छन्।

### ३) "ईश्वरीय नियुक्तिहरू" मार्फत

परमेश्वरले तपाईँलाई सही स्थानीयमा सहकर्मीहरू दिनुभएको होस् भनेर परमेश्वरसँग धेरै प्रार्थना गर्नुहोस्। उहाँले तपाईलाइ दिनु हुनेछ। उहाँ धेरै विश्वासयोग्य हुनुहुन्छ। परमेश्वरले तपाईँको प्रार्थनाको जवाफ दिनुहुनेछ भन्ने कुरामा सतर्क र आशावादी रहनुहोस्। परमेश्वरले यस दर्शनमा तपाईंसँग काम गर्न छान्नुभएका सही मानिसहरूलाई तपाईंको बाटोमा ल्याउनुहुनेछ।

### कार्य कदमहरु:

१) परमेश्वरले तपाईंको DMM (चेला बनाउने अभियान) सेवाको लागि स्थानीय सहकर्मीहरू दिनुभएको होस् भनेर प्रार्थना गर्न सुरु गर्नुहोस्।

२) सम्भावित स्थानीय सहकर्मीहरूको सूची बनाउनुहोस्। नयाँ विश्वासीहरू, पहिलादेखि रहेका मण्डलीका पुराना विश्वासीहरु।

३) तिनीहरूलाई DMM दर्शन प्रस्तुतिको बैठकमा निम्त्याउनुहोस्। (मोड्युल १ – पाठ ३ अनुसार अघि बढ्नुहोस्)

# पाठ ३
# प्रमुख परिभाषाहरु।




## चेला बनाउने अभियान (DMM) भनेको के हो?

**चेला बनाउने अभियानको (DMM) परिभाषा।**

विश्वव्यापि सुसमाचार प्रचारको क्षेत्रमा चेला बनाउने अभियान (Disciple Making Movement - DMM) को फरक फरक परिभाषाहरू प्रयोग गरिन्छ। यसले नयाँ वा अपरिचित व्यक्तिहरूका लागि यी शब्दहरूले सजिलै भ्रम सिर्जना गर्न सक्छन्। CPMs, DMMs, DBS, T4T... यस्ता धेरै संक्षिप्त रूप र प्राविधिक शब्दहरू प्रयोग गरिन्छ! तर हाम्रो उद्देश्यका लागि हामी कुराहरु सकेसम्म सरल राख्ने प्रयास गर्छौं।

"चेला बनाउने अभियान" (DMM) र "मण्डली स्थापना अभियान" (CPM) भन्ने शब्दहरू मूलतः एकअर्कासँग आदान प्रदान गर्न मिल्ने छन्। केहीले भन्छन् कि DMM ले "चेलाहरूले चेला बनाउने" कुरामा जोड दिन्छ भने CPM ले "मण्डलीहरूद्वारा मण्डलीहरू स्थापना" मा जोड दिन्छ। तर सामान्य उद्देश्यका लागि यी अवधारणाहरू मूल रूपमा समान छन्। यदि तपाईं सँग चेलाहरूले चेला बनाउने प्रक्रिया चलिरहेको छ भने, प्राय त्यसबाट चेलाको समूहहरू पनि गुणात्मक रूपमा बढ्ने सम्भावना हुन्छ।

## DMM का चार महत्त्वपूर्ण विशेषताहरू।

**चेला बनाउने अभियानहरू (DMM)**


१) तीव्र रूपमा बढ्दै जाने।
२) स्वदेशी वा स्थानीय संस्कृतिमा आधारित।
३) समूहहरू गुणात्मक रूपमा बढ्दै जाने।
४) येशूका आज्ञाकारी चेलाहरू (अनुयायीहरु)।

चेलाहरू आफूहरूलाई समूहमा संगठित गर्छन्, जसलाई हामी कहिलेकाहीँ “घरेलु मण्डली” भन्छौं यद्यपि यी समूहहरू घरमा मात्र होइन, जुनसुकै स्थानमा भेट्न सक्छन्। DMMs मा केही समूहहरू चिया पसलमा वा चौतारीमा रुखमुनि पनि  भेट्छन। यस्ता समूहहरूलाई चेलापन समूह, कथा समूह, T4T समूह आदि भन्न सकिन्छ। नाम त्यति महत्त्वपूर्ण होइन। महत्वपूर्ण कुरा के हो भने, यी येशूलाई पछ्याउनेहरुले उहाँका आज्ञाहरू सँगै पालन गर्ने प्रतिबद्ध व्यक्तिहरूको समूह हुन्।

येशूलाइ पछ्याउनेहरुका यी समूहहरूलाई, तपाईँले जे भन्नुहोस् चेला बनाउने अभियानहरूमा (DMMs) तिनीहरू छिटो बढ्छन् र अरु समूहहरू सुरु गर्छन्।

चेला बनाउने अभियानको पहिलो पुस्ताका चेलाहरूले दोस्रो पुस्ता सुरु गर्छन्। सामान्यतया पहिलो समूहबाट एक भन्दा बढी समूहहरू सुरु हुन्छन्। दोस्रो पुस्ताका समूहहरूले पनि त्यही प्रक्रियालाई दोहोर्याउँछन्। साँचो चेला बनाउने अभियानहरूले संख्यात्मक रुपमा मात्र वृद्धि होइन, तर गुणात्मक वृद्धि अनुभव गर्छन्।

चेला बनाउने अभियानको जोड धेरै मण्डली बढाउने मात्र होइन तर चेला बनाउने चेलाहरूको सानो समूहलाई गुणात्मक बृद्धि गर्ने कुरासँग सम्बन्धित हुन्छ।



जब छोटो अवधिभित्र (तीनदेखि चार वर्ष)
हामी देख्छौं:

१. समूहहरूका कम्तीमा चार पुस्ता,
२. समग्रमा ठूलो संख्यामा समूहहरू
(म कम्तीमा ५० समूह देख्न चाहन्छु),
३. बढ्दो संख्या अनुसार आज्ञापालन गर्ने चेलाहरूको बढ्दो सँख्या (ठ्याक्कै संख्या छैन तर सम्भवत: कम्तीमा ५०० जनाभन्दा बढीले बपतिस्मा लिएका देख्न सकिन्छ)

जब हामीले यो देख्छौ तब हामीले भन्न सक्छौं कि एउटा साँचो चेला बनाउने अभियानको (DMM) उदय भएको छ।

DMM/CPM परमेश्वरको र पवित्र आत्माको अलौकिक कदम हो, जुन कुनै पनि जाति समूह वा क्षेत्रभरि फैलिन्छ जहाँ हजारौं मानिसहरूको जीवन रुपान्तरण हुन्छ र उनीहरू परमेश्वको राज्यमा प्रवेश गरी उहाँको परिवारको हिस्सा बन्छन्। यी अभियानहरूले सरल तरिकाहरू प्रयोग गर्छन् र स्वदेशी हुन्छन्।

बियोण्ड जस्ता बाहिरका केही संस्थाहरूले थपेको एउटा थप कुरा के हो भने चेला बनाउने समूहहरूको धेरै धाराहरू हुनु आवश्यक छ। अर्को शब्दमा भन्नुपर्दा, केवल चौथो पुस्ताको एउटा मात्र मण्डली हुँदैन, बरू अभियानका धेरै विभिन्न समुहहरूले चौथो पुस्ता र त्यसभन्दा पर सम्म पुगिरहेका हुन्छन।

यसरी परिभाषाहरू महत्वपूर्ण भए तापनि, हामीले यसलाई अत्यधिक जटिल बन्न नदिउँ। अनुसन्धानकर्ताहरू र रणनीतिज्ञहरूलाई परिभाषाहरूमा बहस गर्न दिनुहोस्... सुसमचारका पहुच नपुगेका माझ चेलाहरू गुणात्मक रूपमा बढाउनमा ध्यान केन्द्रित गरौं!



जब परमेश्वरको गति हुन्छ, चेलाहरू छिटै गुणात्मक बृद्धि हुन्छ, हजारौं मानिसहरू छोटो समयमा नै उहाँको राज्यमा प्रवेश गर्छन्। साधारण चेलाहरूले जोशका साथ ख्रीष्टको आज्ञा पालन गर्दै जहाँ जहाँ जान्छन् त्यहाँ साहसपूर्वक सुसमाचार फैलाउँछन्... त्यो नै बाइबलीय अभियान हो!

पहुँच नभएकाहरू माझ चेलाहरूको तीव्र गुणात्मक वृद्धि अत्यन्तै उत्साहजनक र आवश्यक छ र यदि हामीले परमेश्वरको राज्यको प्रगति हेर्न चाहन्छौं भने यो धेरै आवश्यक छ! यदि हामीले येशूलाई पछ्याउनेहरूको थप वृद्धिमा मात्र सन्तुष्ट हुन दियौं भने, हामी पहुँच नभएकाहरूमाझ स्वभाविक जनसंख्या वृद्धि दरसँग मुश्किलले रहन सक्छौं। हामीले धेरै चेला बनाउने अभियानहरु सुरु भइरहेको हेर्नु पर्ने अन्य धेरै कारणहरू छन्।

CPMs र DMMs का अग्रणी लेखकहरू र शिक्षकहरूले आफ्ना विभिन्न दृष्टिकोणबाट गरेका धेरै परिभाषाहरू तल दिइएका छन्:

**मण्डली स्थापना अभियानका लेखक डेविड ग्यारिसन:**

मण्डली स्थापना अभियानको परिभाषा:
"स्वदेशी मण्डलीहरूको तीव्र गुणात्मक वृद्धि, जसले कुनै जाति समूह वा जनसंख्याकिय वर्गहरुमा फैलिंदै मण्डलीहरू स्थापना गर्नु"

**संक्रामक चेला बनाउने पुस्तकका लेखक डेभिड वाटसन:**

- CPM (मण्डली स्थापना अभियान) देख्नका लागि अगुवाको तालिम अत्यन्तै महत्वपूर्ण छ। हाम्रो नेतृत्वको परिभाषामा अगुवाहरूको पुनरुत्पादन समावेश छ। एक अगुवाहरुले नियमित रूपमा अरू थप अगुवाहरु बनाउँछ, र...
- CPM देख्नका लागि सबै मानिसहरूको आज्ञाकारितामा आधारित चेलापन आवश्यक छ। हाम्रो चेलाको परिभाषामा येशूको आज्ञा पालन र चेलाहरूको पुनरुत्पादन समावेश छ। एक आज्ञाकारी चेलाहरुले नियमित रूपमा अरू चेलाहरू बनाउँछ र...
- CPM देख्नका लागि बाइबल कथा/अध्ययन समूहहरू नियमित रूपमा पुनरुत्पादन गर्छन्, र...

- CPM देख्नका लागि मण्डलीहरू नियमित रूपमा पुनरुत्पादन गर्छन् , र...
- CPM देख्नका लागि मण्डलीका सदस्यहरूले आफ्नो समुदायमा सेवा गर्छन्, र परमेश्वरको राज्य व्यक्तिबाट व्यक्तिमा, परिवारबाट परिवारमा, समुदायबाट समुदायमा, शहरदेखि शहरमा, र राष्ट्रदेखि राष्ट्रमा फैलिरहन्छ।
- CPM देख्नका लागि बाइबल कथा/अध्ययन समूहहरू नियमित रूपमा पुनरुत्पादन गर्छन्, र...
- CPM देख्नका लागि मण्डलीहरू नियमित रूपमा पुनरुत्पादन हुन्छन्, र...
- CPM देख्नका लागि मण्डलीका सदस्यहरूले आफ्नो समुदायमा सेवा गर्छन्, र परमेश्वरको राज्य व्यक्तिबाट व्यक्तिमा, परिवारबाट परिवारमा, समुदायबाट समुदायमा, शहरदेखि शहरमा, र राष्ट्रदेखि राष्ट्रमा फैलिन्छ।

हाम्रो लक्ष्य कहिल्यै केवल एउटा मण्डली स्थापना गर्नु होइन। हामी येशूलाई पछ्याउने (चेला) हरूको समूहहरू सुरु गर्न चाहन्छौं, जसले अरु चेला समूहहरू सुरु गर्छन् र चेला अभियानहरूमा वृद्धि हुन्छन्। हामी जे गर्छौं सबैलाई गुणात्मक वृद्धि तर्फ लैजानुपर्छ। प्रेरित समुहहरूले पनि आफ्नो रणनीतिहरू र काम गर्ने तरिकाहरूलाई सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्छ ताकि ती पुनरुत्पादनयोग्य हुन भनि सुनिश्चित त गर्न सकियोस्। हामी त्यस्ता कुराहरू नगर्न खोज्दैनौँ जसले गुणात्मक वृद्धिलाई बाधा पुर्याउँछ, जस्तै मण्डली भवनहरू निर्माण गर्नु, स्थानीय पास्टर वा एल्डरहरुलाई तलब दिनु, वा धेरै विदेशी वित्तीय स्रोतहरू र स्वरूपहरू ल्याउने।

### चेला बनाउने अभियानहरुमा(DMM) भइरहेका छन्।

यो विश्व सुसमाचार प्रचारको इतिहासमा अत्यन्तै रोमाञ्चक समय हो। आजको दिनजस्तो ठूलो चुनौती र ठूलो खुलापन पहिले कहिल्यै देखिएको थिएन। संसारका धेरै भागहरूमा सबैभन्दा कठिन ठाउँहरू र प्रतिरोधी मानिसहरू माझ पनि चेला बनाउने अभियानहरू (DMMs) का समुदायहरू राष्ट्रहरूभरि फैलिरहेका छन्, जसमा मानिसहरू येशूलाई व्यक्तिगत रूपमा अनुभव गरिरहेका छन्।

जसरी येशूले भन्नुभयो, “फसल पाकिसकेको छ।” हाम्रो पुस्तामा येशूको हृदयमा भएका विषयहरूमा उहाँसँग सहकर्मी बन्न पाउनु हाम्रो ठूलो सौभाग्य हो। यसको एक स्पष्ट कुरा भनेको पहुँच नभएकाहरूमाझ चेला बनाउने अभियानहरू (DMMs) सुरु गर्नु हो।